अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु कृष्ण रोकाया, जोसी धामी, रुद्र बहादुर शाही, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामी मु.नं (०८०-CR-०२१०) फैसला मिति २०८१।०९।१६ | सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•प्रतिवादीहरु कृष्ण रोकाया, जोसी धामी, रुद्र बहादुर शाही, रामराज शाही, पदम बहादुर धामी र पूर्ण प्रसाद आचार्यको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुन र सोही ऐनको दफा १७ बमोजिम हिनामिना भएको रकम रु.१९,५०,०००।- असुल उपर हुन मागदाबी लिईएको देखिन्छ। साथै निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेत गरेको हुँदा सोही दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिबाना गरिपाउँ भन्ने मागदाबी रहेको देखिन्छ।<br>• प्रतिवादी हंश रोकाया, तुलराज रोकाया र सेतु रोकायाको हकमा :- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा जम्मा बिगो रु.१९,५०,०००।-(उन्नाईस लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हुने सजायलाई आधार मानी प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारहरुलाई हुने सजाय सरह सजाय गरी बिगो समेत असुल उपर हुन मागदाबी रहेको देखिन्छ।<br>**अदालतको फैसला** | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•**जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामी**ले काम गर्दा मिलेमतो वा भ्रष्ट नियत देखिने कुनै स्पष्ट प्रमाण मिसिल वा कागजातवाट नदेखिएको।<br>•निज प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामी निर्णायक पदमा रहेको नभई प्रशासनिक कार्यविधि अनुसार आदेशको कार्यान्वयन गर्ने तहमा रही आदेशअनुसार कार्यसम्पादन गरेको भन्ने सम्म मात्र देखिएको।<br>•प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य, पदम बहादुर धामी कृष्ण रोकाया र रुद्र बहादुर शाहीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) कव कसूरको दावी पुग्न नसक्ने। | •प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौंवाट फैसला हुँदा शुरु विशेष अदालतले प्रतिवादीहरु मध्येका जोसी धामी, जो योजना अनुगमन समितिका संयोजक भई स्थलगत नापजाँच प्रतिवेदन अनुसार १४५.७ मिटर कम काम भएको भन्ने मिसिल संलग्न प्रमाणवाट स्पष्ट रुपमा देखिरहेको अवस्थामा यि प्रतिवादीले काम सम्पन्न भएको भनेर गलत सिफारिस गरेको भन्ने देखिरहेको साथै अनुगमन समितिका संयोजकको हैसियतमा स्वेच्छिक रूपमा गलत सिफारिस गरेको भन्ने प्रष्टसँग देखिरहेकोमा निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।रामराज शाही (इन्जिनियर) जो नापी किताब रुजु गरी कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गर्ने भूमिकामा रहेको भन्ने देखिन्छ निजले इन्जिनियरको हैसियतमा पेस गरेको झुटो नापी प्रतिवेदनलाई रुजु नगर्नु गम्भीर लापरवाही हो भन्ने देखिरहेकोमा निजलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।पूर्ण प्रसाद आचार्य (लेखापाल): कार्यसम्पन्न प्रतिवेदन र झुटा बिलहरूका आधारमा भुक्तानी स्वीकृत गर्ने जिम्मेवार भूमिकामा रहेको भन्ने देखिन्छ र निज लेखापालले अनियमित नापी, फर्मको परिवारिक संरचना, सार्वजनिक सूचना ननिस्किएको अवस्थासमेत अवलोकन नगरी रकम भुक्तानी गरेको अवस्था रहेको र निजले वयानको क्रममा काम धेरै भएको भनी भुक्तानी गर्न दबाब थियो भन्ने उल्लेख गरेको अवस्थालाई समेत अवलोकन गर्दा निजको बयान आफैमा दोष स्वीकारे जस्तै हो भन्ने प्रष्टसँग देखिरहेकोमा Doctrine of Reckless Disregard लेखापालले कागजात नहेरी अथवा हेरेर पनि सच्याउने प्रयास नगरी भुक्तानी गर्नु भ्रष्टाचारमा सहभागी हुनु हो भन्ने प्रष्टसाग देखिरहेकोमा निजलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहैकोले वदरभागी छ।पदम बहादुर धामी (सब-ओभरसियर) फिल्ड नापजाँचमा जिम्मेवार प्राविधिकको भुमिकामा रहेको निजले कम काम देखिएको भए पनि थप काम देखाएर नापी किताब मिलाउने प्रयत्न गरिएको भन्ने मिसिल संलग्न प्रमाण कागजवाट देखिएकोमा निजले झुटो नापी विवरण तयार पारी लिखत स्वीकृति गराएको भन्ने प्रमाणित भईरहेको अवस्थामा सव तर्प अन्देखा गरी विशेष अदालतवाट भएको फैसला तथ्य |

•विशेष अदालत काठमाण्डौंवाट फैसला हुँदा निम्न प्रतिवादीहरुलाई निम्न वमोजिम कसूर ठहर भई सजाय गरी फैसला भएको देखिन्छ।

| क्र.सं. | प्रतिवादी | ठहर भएको कसूर | ठहर भएको सजाय | जफत/असुली |
|---|---|---|---|---|
| १ | कृष्ण रोकाया | दफा-१७, ३(१)(ङ) | २ वर्ष कैद र जरिबाना रु.९,७५,०००/- | रु.९,७५,०००/- |
| २ | रुद्र बहादुर शाही | दफा-१७, ३(१)(ङ) | २ वर्ष कैद र जरिबाना रु.९,७५,०००/- | रु.९,७५,०००/- |
| ३ | हंश रोकाया | दफा १७ कसूरमा दफा २२ | १ वर्ष कैद र जरिबाना रु.४,८७,५००/- | प्रतिवादीहरु कृष्ण रोकाया र रुद्र बहादुर शाहीबाट असुलउपर भईसकेको हुँदा मतियारहरुबाट भराई रहन नपर्ने |
| ४ | सेतु रोकाया | ऐ.ऐ. | ऐ.ऐ. | |
| ५ | तुलराज रोकाया | ऐ.ऐ. | ऐ.ऐ. | |

• अन्य प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामीले पदिय हैसियत बमोजिम कार्य गरेको देखिए तापनि निजहरुले बदनियतपूर्वक कार्य गरेको मिसिल संलग्न प्रमाण कागजबाट देखिन नआएकोले निजहरुले आरोपदाबीबाट सफाई पाउने ठहर गरी साथै कसूर ठहर भएका प्रतिवादीहरु कृष्ण रोकाया र रुद्र बहादुर शाहीको हकमा अन्य आरोपदाबी पुग्न नसक्ने ठहर गरी विशेष अदालत काठमाण्डैवाट मिति

कानून र प्रमाणको रोहमा त्रुटिपूर्ण रहेकोले वदरभागी छ, वदर गरीपाउँ।

•विशेष अदालतले प्रतिवादी जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामीलाई निर्णय गर्ने पदमा नरहेको, मात्र आदेश पालना गर्ने तहमा रहेको भन्दै आरोपदावीवाट नै सफाई दिने ठहर गरी भएको फैसलामा गरिएको देखिन्छ। प्रतिवादीहरू नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन सिफारिस तथा लेखा भुक्तानी प्रक्रियामा प्रत्यक्ष संलग्न रही नियोजनपूर्वक सरकारी रकम झुटा कागजातका आधारमा भुक्तानी गराउन सहजीकरण गरेको अवस्था छ, लेखापाल, इञ्जिनियर, ओभरसियर, र उपाध्यक्ष जस्ता पदमा रहेका व्यक्तिहरू सार्वजनिक कोषको जवाफदेही संयन्त्र भित्र पर्छन्। केवल आदेश पालना गर्नुले उनीहरूलाई जवाफदेहीबाट अलग गर्न मिल्दैन। सबै सार्वजनिक पदधारी कर्मचारीले आफ्नो कार्यक्षेत्रमा सदनियतपूर्वक, निष्पक्षता, र कानूनसम्मत रूपमा काम गर्नुपर्दछ भन्ने मान्यता रहेकोमा यस विपरीत प्रतिवादी जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामीलाई निर्णय गर्ने पदमा नरहेको, मात्र आदेश पालना गर्ने तहमा रहेको भन्ने आधार ग्रहण गरी निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला सार्वजनिक जवाफदेहिताको सिद्धान्त (Doctrine of Public Accountability) विपरीत देखिएकोले उक्त फैसला वदर गरिपाउँ।

•प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामी कृष्ण रोकाया र रुद्र बहादुर शाहीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूरको दावी पुग्न नसक्ने ठहर गरी फैसला भएको तर्फ हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादी कृष्ण रोकायाको प्रत्यक्ष संलग्नतामा रहेको "कोइलिङ कृषि तथा पशुपालन फर्म" मा पालिकाको योजनाको रूपमा रु. १९.५ लाखको अनुदान भुक्तानी गरिएको र सो फर्म कृष्ण रोकायाको दाजु हंश रोकाया (अध्यक्ष), श्रीमती सेतु रोकाया (कोषाध्यक्ष) तथा आफन्त तुलराज रोकाया (सचिव) को स्वामित्वमा रहेको देखिन्छ। उक्त योजनामा प्रतिवादीहरू जोसी धामी (उपाध्यक्ष), रामराज शाही (इञ्जिनियर), पदम बहादुर धामी (सव ओभरसियर), पूर्ण प्रसाद आचार्य (लेखापाल), र रुद्र बहादुर शाही (प्रशासकीय प्रमुख) ले कार्यसम्पन्न प्रतिवेदन, नापी विवरण, सिफारिस तथा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०८१।०९।१६ गते फैसला भएको देखिन्छ ।<br>•विशेष अदालत काठमाडौंले प्रतिवादीहरु तुलराज रोकाया, सेतु रोकाया र हंश रोकायाको हकमा आरोपदावी वमोजिमको कसूरमा सजाय हुने ठहर गरी फैसला गरेकोले सो तर्फ केहि गरिरहनु परेन ।<br>•प्रतिवादीहरु कृष्ण रोकाया र रुद्र बहादुर शाहीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा१७, ३(१) (ङ) वमोजिम मात्र दावी पुग्ने र अन्यमा दावी नपुग्ने साथै अन्य प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य र पदम बहादुर धामीको हकमा अभियोग दावी नपुग्ने ठहर गरी फैसला भएको देखिन्छ। | | लेखा परीक्षणमार्फत प्रत्यक्ष संलग्न रही योजना अपूरो हुँदाहुँदै पनि काम सम्पन्न भएको देखाई भुक्तानी प्रक्रियालाई सहज बनाएको भन्ने मिसिल संलग्न प्रमाण कागजवाट देखिन्छ ।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कुनै सार्वजनिक पदधारीले आफ्नो पदीय हैसियतको दुरुपयोग गरी अरू कसैलाई गैरकानुनी लाभ पुऱ्याएमा त्यो कार्य दण्डनीय हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मिलेमतोमा योजनाको छनोट, झुटो नापी, कार्यसम्पन्न प्रतिवेदन, लेखा परीक्षण र सिफारिसमार्फत काम अपूरो हुँदाहुँदै पनि रकम भुक्तानी हुने अवस्था सिर्जना गरेका छन्। अख्तियारको स्थलगत निरीक्षण प्रतिवेदनअनुसार वास्तविक काम २४३.८ मिटर मात्र देखिएको, तर झुटो प्रतिवेदनमा ३८९.५ मिटर उल्लेख गरी रु. ३,४२,६७१.८० बढी रकम भुक्तानी गरिएको भन्ने प्रष्टसँग देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सजाय नगरी सफाई दिने गरी भएको फैसला मुद्दाको तथ्य ,प्रमाण र कानूनी सिद्धान्तको आधारमा त्रूटिपूर्ण रहि वदरभागी रहेको छ ।<br>•अत, माथि उल्लेखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु जोसी धामी, रामराज शाही, पूर्ण प्रसाद आचार्य, पदम बहादुर धामी, कृष्ण रोकाया र रुद्र बहादुर शाहीको हकमा आरोपदावी वमोजिम नै कसूर ठहर गरी सजाय गरीपाउँ । |